# परिवेश विमर्शका सन्दर्भमा गुप्त प्रधान र शरद छेत्रीका कथामा प्रयुक्त मानवेतर पात्रहरूको अध्ययन

**– रिसान्त तामाङ**
नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय

**सार** – यस लेखमा गुप्त प्रधान र शरद छेत्रीका कथामा पाइने मानव र मानवेतर पात्रमाझका अन्तर्क्रियाद्वारा पर्यावरणमा देखिने परिवर्तनलाई परिवेश विमर्शका दृष्टिले अध्ययन गरिएको छ। पर्यावरण सङ्कटलाई मुख्य विषयवस्तु बनाएर लेखिएका प्रस्तुत दुईवटा कथाहरूमा प्रकृति र मानवमाझका अन्तर्सम्बन्धको अध्ययनमा यो शोध पत्र केन्द्रित छ। कथाकारका लेखनबारे प्रकाश पार्दै भारतीय नेपाली कथामा मानवेतर पात्रको भूमिका कुन रूपमा कथाकारले प्रस्तुत गरेका छन्? भन्ने विषयलाई देखाउने प्रयास यस शोध पत्रमा गरिएको छ। यहाँ परिवेश विमर्शका दृष्टिले गुप्त प्रधान र शरद छेत्रीका कथामा पाइने मानवेतर पात्रको विश्लेषणात्मक अध्ययन गरिएको छ।

**बीज शब्द** – परिवेश, पारिस्थितिकी, कथा, मानवेतर, पात्र।

## १ विषय प्रवेश

प्रकृति भन्नाले संसारमा भएका सबै प्राणी लगायत रुख–बिरुवा, हावा–पानी इत्यादि बुझिन्छ। प्रकृतिमा रहेका भौतिक तथा जैविक तत्त्वहरूको मिश्रणद्वारा पर्यावरणको निर्माण हुँदछ। सबै प्राणीहरूका

लागि खानलाई फल–फुल र अन्न–पानी, श्वास फेर्नलाई हावा अनि हेर्नलाई सुन्दर प्राकृतिक दृश्य पर्याप्त मात्रामा उपलब्ध छन्। प्रकृतिको भूमिका आमाको जस्तै हुन्छ। प्रकृति जीवन बाँच्ने आधार हो। प्रकृतिमाथि सबै प्राणी निर्भरशील हुन्छ तर प्रकृति स्वनिर्भर हुन्छ। पर्यावरण स्वच्छ राख्नु सबैको दायित्व हो तर प्रकृतिको विनाश गर्ने अधिकार कसैको छैन। तसर्थ पारिस्थितिकी सन्तुलनका निम्ति मानव र मानवेतरबिचको अन्तर्क्रिया र अन्तर्सम्बन्ध महत्त्वपूर्ण हुन्छ। प्राणी र वातावरणलाई महत्त्व दिँदै साहित्यको अध्ययन गर्ने एउटा प्रमुख सिद्धान्त पर्यावरण समालोचना वा परिवेश विमर्श हो। परिवेश विमर्श अङ्ग्रेजी 'इकोक्रिटिसिज्म' शब्दको नेपाली रूपान्तरण हो। यसलाई पर्यावरण समालोचना, प्रकृति लेखन, हरित समालोचना र परिवेश विमर्श पनि भनिन्छ। तिमोथी क्लार्क (इ सं २०१९, पृ– १४)–ले आफ्नो लेख 'दी भेल्यु अव् इकोक्रिटिसिज्म'–मा पारिस्थितिकी चेतनाको उल्लेख गर्दै पारिस्थितिकीका दुईवटा पाटाहरूको चर्चा गरेका छन्। ''एउटा मानव केन्द्रित पारिस्थितिकी जसमा मानव नै प्रकृतिका मालिक हुन् भन्ने विश्वास गरिन्छ भने अर्का समूहले प्रकृति संरक्षणको कुरो गर्छ।'' अतः त्यस समूहले प्रकृतिले मानव हस्तक्षेपबिना पनि बाँच्न पाउनु पर्छ भन्ने कुरो गर्छ। पर्यावरणले वरपरका पारिस्थितिकीलाई नै बुझाउँछ। मानव समुदायले आफ्ना वरपरका परिवेशसित संलग्न रहेर जीवन निर्वाह गर्छ साथै आवश्यकताहरू परिपूर्ति गर्न मानव पूर्ण रूपमा वरपरका वातावरणमा आश्रित हुन्छ। यसरी मानव विकासका क्रममा विभिन्न सामाजिक क्रियाकलापहरूले वातावरणलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित पारिरहेका हुन्छन्। बढ्दो जनसङ्ख्या, प्राविधिक विकास र मानिसको लोभका कारण वातावरण सङ्कटग्रस्त बनेको छ। यसैले वर्तमानमा मानव जगत् तथा प्राणी जगत् पर्यावरण सङ्कटका स्थितिमा बाँचिरहेका छन्। २७ सेप्टम्बर १९६२–मा प्रकाशित रेचल कार्सनको लेख 'साइलेन्ट स्प्रिङ'–मा ''पारिस्थितिकी सङ्कटको मूल कारण नै कीटनाशकको प्रयोग हो भनिएको छ। कीटनाशकको प्रयोगले बोट–बिरुवा मात्र नभएर मानिसलाई क्यान्सरसम्म पनि हुने कुरो उनले स्पष्ट रूपमा बताएका छन्।'' इ सं १९७८–मा विलियम रुकर्टले 'लिटरेचर एन्ड इकोलजी एन एक्सपेरिमेन्ट इन इकोक्रिटिसिज्म' लेखमा पहिलोपटक 'इकोक्रिटिसिज्म' शब्दको प्रयोग गरे। वर्ल्ड लिटरेरी एसोसिएसनको सम्मेलनमा चेरिल ग्लटफेल्टीले प्रकृतिसम्बन्धी लेखनको अध्ययनलाई बुझ्नाका लागि इकोक्रिटिसिज्म शब्द समालोचनामा प्रयोग गर्नु पर्ने प्रस्ताव राखेकी थिइन् र त्यसलाई ओरेगन विश्वविद्यालयका प्राध्यापक ग्लेन लभले पनि सम्बोधन भाषणमा समर्थन जनाएका थिए। यसरी नै साहित्य अध्ययन गर्ने क्रममा इ सं १७८९–मा प्रकाशित पुस्तक **दी नेचुरल हिस्ट्री एन्ड एन्टिक्विटिज अव् सेलबोर्न**मा गिल्बर्ट वाइटले पत्रात्मक शैलीमा इङ्गल्यान्डमा अवस्थित सेल्बर्नको प्राकृतिक सुन्दरता र पारिस्थितिक असन्तुलनबारे विस्तृत रूपमा चर्चा गरेका छन्। प्रकृति लेखनमा अमेरिकी र अङ्ग्रेजी लेखकहरूको दृष्टिकोण भिन्न देखिन्छ। अमेरिकी लेखकहरूले प्रकृतिलाई जीवन शक्तिका रूपमा मान्दछन् भने अङ्ग्रेजी

साहित्यकारहरूले औद्योगिक व्यवसाय र नव औपनिवेशिक शक्तिबाट मुक्त हुने वातावरण सङ्कटबारे सचेत गराउँछन्। अत: प्रदूषित वातावरण नियन्त्रण र पारिस्थितिकी सन्तुलन गर्नलाई नै प्रकृति लेखनको अवधारणा आरम्भ भएको बुझिन्छ। प्रकृतिलाई एउटा प्रमुख तत्त्वका रूपमा प्रयोग गरेर साहित्य र पर्यावरणमाझको सम्बन्धबारे अध्ययन गरिन्छ। पर्यावरण सम्बन्धी महत्त्वपूर्ण लेखहरू सङ्कलन गरी इ सं १९९६-मा चेरिल ग्लटफेल्टी र हेरोल्ड फ्रामद्वारा सम्पादित पुस्तक **द इकोक्रिटिसिज्म रिडर लेन्डमार्क इन लिटरेरी इकोलजी** प्रकाशित भएको पाइन्छ। ग्लटफेल्टीले परिवेश विमर्शलाई ''परिभाषित गर्दै साहित्य र भौतिक वातावरणमाझको अध्ययन नै परिवेश विमर्श हो भनेका छन्।'' लक्ष्मण गौतमले पर्यावरणीय समालोचनालाई मानवेतर जगत् अर्थात् पशु प्राणी, जलचर, वनस्पति, जल, वायु आदिसँग सम्बन्धित साहित्यको अध्ययनमा केन्द्रित छ भनेर उल्लेख गरेका छन्।

नेपाली समाज मूल रूपमा किराँत, मङ्गोल र आर्य जातिका मेलबाट बनेको भए तापनि सबैले प्रकृतिका शक्तिलाई विभिन्न रूपमा पुज्ने गर्छन्। पूर्वीय शास्त्रादिले हिमाल पर्वत, वन जङ्गल, खोला नाला आदिलाई प्रदूषित गर्ने होइन तर पूजा गर्न सिकाएका छन्। किराँतीहरूको धार्मिक शास्त्र मुन्धुम अनुसार प्रकृति नै सर्वोपरि हो। किराँतीहरूले जन्मदेखि मृत्युसम्म जीवनका हरेक कार्य गर्न अघि प्रकृतिको पूजा गर्ने गर्छन्। यसरी नै ऋगवेदको पहिलो अध्यायका आरम्भमा नै प्रकृतिलाई सर्वोपरि मान्दै अग्निरूपी देवीदेवतालाई यसरी प्रार्थना गरिएको छ-

अग्निमीळे पुरोहितं यज्ञस्य देवमृत्विजम् होतारं रत्नधातमम्.... (सिंह, इ सं २०२३, पृ-४१)

कथाकारले जुन समाजबाट संसारलाई हेर्ने दृष्टिकोण, सोच्ने र बुझ्ने ज्ञान पाउँछन् ती कुराहरू नै आफ्ना कथामा कलात्मक ढङ्गमा प्रस्तुत गर्छन्। यसर्थ भारतीय आधुनिक नेपाली कथामा पशु प्राणी, बोट-बिरुवा, घाँस-पात, झार-जङ्गल र खोला-नाला आदिलाई मानवेतर पात्र बनाई लेखिएका कथाहरू प्रशस्त पाइन्छन्।

## २ आधुनिक नेपाली कथामा प्रयुक्त पर्यावरण सङ्कट र मानवेतर पात्र

आवश्यकताभन्दा धेरै मानव गतिविधिका कारण पर्यावरणमा देखिएका सङ्कट र जलवायु परिवर्तनजस्ता समस्याहरू वर्तमानमा विश्वले भोगिरहेको मूल समस्या हो। नेपालीमा पनि यस्ता गम्भीर समस्यालाई कथाकारले आफ्ना कथावस्तु बनाई लेखिएका कथाहरू प्रशस्त पाइन्छन्। यसैले कथावस्तु वहन गर्न पात्रको खाँचो पर्दछ। वस्तुत: कथाका तत्त्वहरूमध्ये पात्र पनि एउटा प्रमुख तत्त्व हो। कथामा मानव र मानवेतर दुवै पात्रका प्रयोग भएका पाइन्छन्। मानव जाति प्राणीहरूमध्ये विवेकशील प्राणी हो।

त्यसैले मानवमा  भावना, अनुभूति र संवेदना आदि हुनाले अन्य प्राणीहरूका तुलनामा बढी संवेदनशील, कल्पनाशील र विवेकशील हुन्छन्। साधारण अर्थमा मानवबाहेक अन्य पशु–प्राणी, बोट–बिरुवा र खोला–नाला आदि सबैलाई मानवेतर पात्र मान्न सकिन्छ। कथामा मानवीकरण गरिएका पात्रहरूको उपस्थिति मानवीय चेतना, भावना र संवेदन अनुरूप हुन्छ। यस्ता कथाहरूमा प्रयुक्त मानवेतर पात्रहरूमा काल्पनिकता अधिक हुन्छ। ‘‘यद्यपि पात्रहरू काल्पनिक हुँदाहुँदै पनि पाठकलाई यथार्थ लाग्न सक्छ तथापि त्यो सत्य हुदैन’’ भनेर रबर्ट स्कहोल (इ सं १९६८, पृ–१४)–ले आफ्नो पुस्तक **एलिमेन्ट अव् फिक्सन**मा पात्रको चर्चा गरेका छन्। प्रस्तावित लेखमा पर्यावरण समालोचनाका दृष्टिले गुप्त प्रधान र शरद छेत्रीको कथामा पाइने पर्यावरण सङ्कटको स्थिति र मानवेतर पात्रको भूमिकालाई विश्लेषणात्मक अध्ययन गरिएको छ।

पारिस्थितिकी सन्तुलन प्रकृतिमा निहित स्वच्छ हावा र पानीबिना कुनै पनि प्राणी जीवित रहन सक्दैन। मानवबाहेक बोट–बिरुवालाई पनि घाम पानीको आवश्यकता पर्दछ। बोट–बिरुवाबाट पाइने हावा (अक्सिजन) र जीव, प्राणीबाट निस्कने कार्बन डाइअक्साइड एकाअर्कामा श्वास फेर्न आदानप्रदान गर्छन्। यस श्वास फेर्ने प्रक्रियामा पारिस्थितिकी सन्तुलनका लागि मानव र मानवेतरमाझको अन्तर्सम्बन्ध जरुरी छ।

**प्राकृतिक स्रोत** – संसारमा रहेका सबै प्राणीका लागि प्रकृति एउटा घर हो। दिनमा घाम, रातमा जून, श्वास फेर्नलाई हावा, छहारीका लागि रुख–पात र खानलाई साग सब्जी, पानी आदि उपलब्ध छन्। यस अतिरिक्त मानवका निम्ति प्रकृति एकजना गुरु हो। न्युटनले पनि प्रकृतिलाई अध्ययन र अवलोकन गरी पृथ्वीमा गुरुत्वाकर्षण छ भन्ने पत्तो लाएका थिए। मानिसले प्रकृतिद्वारा बाँच्नलाई खान मात्र नभएर सङ्घर्ष गर्ने ज्ञान पनि प्रकृतिबाट नै प्राप्त गर्छन्।

स्वस्थ जीवन–विज्ञानले आविष्कार गरेको प्राविधिक संसाधनहरूको प्रयोग गरी कुनै कार्य गर्नु भनेको समयको खर्च नहुनु र शारीरिक कष्ट वा परिश्रम कम गर्नु पनि हो। फुर्तिलो र स्वस्थ जीवन बाँच्नलाई शारीरिक परिश्रम अनिवार्य छ। यसर्थ आवश्यकताभन्दा धेरै प्राविधिक संसाधनका प्रयोगले प्रकृतिदेखि टाढा हुने बुझिन्छ। अन्न उब्जाउने क्रममा समय बचत गर्न मानिसले विभिन्न प्राविधिक अनि किटनाशक पदार्थको प्रयोग गर्छन्। यसो गर्नाले प्रकृति स्वस्थ हुँदैन। प्रकृति स्वस्थ नहुनु भनेको संसारका सबै प्राणीहरूको जीवन स्वस्थ नहुनु हो। प्रकृतिका विविध पक्षबारे सचेत गराउन पनि साहित्यमा परिवेश विमर्शको अध्ययन उपयुक्त छ।

**प्रदूषण** – वातावरण प्रदुषित हुनाको मुख्य कारण बढ्दो जनसङ्ख्या पनि हो। यस्ता स्थितिमा थोरै क्षेत्रमा धेरै मानिसका निम्ति अन्न उत्पादन गर्नु पर्ने अवस्था छ। यस कारण छिटो उब्जनीका लागि रासायनिक पदार्थको प्रयोग गरिन्छ। रसायन पदार्थको प्रयोगले जमिनलाई कमजोर बनाउने गर्छ।

पर्यावरण सङ्कटका मुख्य कारणहरूमध्ये यो पनि एउटा हो।

**प्रकृतिको सहयोग** – मानवलाई प्रत्येक कार्यमा प्रकृतिले सहयोग गरिरहेको हुन्छ। खेती गर्न मानिसको परिश्रम मात्र होइन प्रकृतिको सहयोग पनि आवश्यक पर्छ। मानवबाहेक बोट–बिरुवा रुख–पातलाई पनि चाहिने सबै तत्त्वहरू प्रकृतिबाट नै प्राप्त हुन्छ। प्रकृतिको आफ्ना सुन्दर भौगोलिक बनावटले पर्यटनलाई आकर्षित गरेर स्थानीय बासिन्दालाई परोक्ष रूपमा आर्थिक सहयोग गर्दछ। अत: पारिस्थितिकी सन्तुलन यथावत् राख्न प्रकृति र मानवमाझ आदानप्रदान महत्त्वपूर्ण देखिन्छ।

## ३ पर्यावरण समालोचनाका दृष्टिले गुप्त प्रधान र शरद छेत्रीका कथाको विश्लेषणात्मक अध्ययन

लक्खीदेवी सुन्दास (इ सं २००१)–को सम्पादनमा प्रकाशित **अकादमी** जर्नलको पहिलो अङ्कमा गुप्त प्रधानको कथा 'अचेल खोलाहरू यसरी बग्दैछन्' सङ्ग्रहित छ। कथाको सुरुमै वर्षा ऋतुमा टिस्टा र रङ्गीतको दोभानमा हुने प्राकृतिक विपत्तिलाई किशोरहरूको बैंससँग तुलना गरिएको छ। कथाकारले टिस्टालाई एउटा नदी मात्र नभएर आफ्ना वरिपरि बसोबास गर्ने मानिसको अभिभावकका रूपमा पनि चिनाएका छन्। टिस्टा नेपाली जातिका आस्थासँग सम्बन्धित नदी हो। गुप्त प्रधानले टिस्टासँग मानिसको भावना, लोकविश्वास, खानपिन, खेतीपाती र जीवनशैलीजस्ता सांस्कृतिक पक्षहरू सम्बन्धित रहेको कथामा कलात्मक ढङ्गमा यसरी प्रस्तुत गरेका छन्– ''यी खोलाहरूको पनि आफ्नै इतिहास छ अलिखित। अघिअघि यहाँ यो सङ्गमनेर यो खोलाहरूको पूजा हुने गर्थ्यो – प्रेम र शरीरलाई सामाजिक मान्यता दिइने विवाहको उत्सव रचिएको जस्तो। खोलाले पनि सट्टामा मान्छेहरूलाई माछाहरू दिएर आफ्नो मर्यादा राख्ने गर्थ्यो।'' कथाकारले यस कथामा मानवीय गतिविधिद्वारा भइरहेको प्राकृतिक सङ्कटबारे चर्चा गरेका छन्। उक्त कथामा मानव सभ्यताको क्रममा बढ्दो जनसङ्ख्या र प्राविधिक विकासले प्रकृतिलाई खति पुऱ्याइरहेको प्रतिकूल अवस्थाप्रति निराशा व्यक्त गरिएको छ। समयसँगै मानिसमा पनि आधुनिक विचार आए पछि रहनसहन, खानपिन सबैमा परिवर्तन देखिए। खोलाबाट रोडा बालुवा धेरै मात्रामा निकाल्ने काम भए। मानिसहरूले खोलालाई उपभोग गर्ने साधन मात्र बनाए। उनीहरूले प्रकृतिलाई चोट पुऱ्याइरहेको वास्ता गरेनन्। कथामा ती चोटहरू अर्थात् मानिसद्वारा खनिएका डोबहरू पुर्न खोलाले छेउछाउका भित्ताहरू तानेर मलमपट्टी गर्ने काम गर्छ। यस कथामा खोलाले पनि मानवले जस्तै आफ्ना पीर व्यथा व्यक्त गरेका छन्। कथामा मानिसले नदीलाई जति नै चोट पुऱ्याए पनि नदीले आफ्ना घाउलाई आफै मलमपट्टी गर्ने प्रक्रिया कथाकारले यसरी बताएका छन्– ''खोलालाई उपभोग गर्ने क्रममा दिनदिनै मान्छे कोहोरिँदै गयो अनि जताततै खाडलै खाडल पारेर ती खोलाहरूलाई मानिसहरूले उपभोग गर्न लागे। फलत: घाइते कुकुरले आफ्नै शरीरमा लागेको घाउलाई एकोहोरो

चाटिरहे झैं ती खोलाहरूले पनि आफ्ना शरीरमा परेका खाडलका घाउहरूलाई आफ्नै जिब्राले चाट्न लागे अनि अतिशय दुखेका समयमा, त्यस आक्रोशमा त्यहीँ वरिपरिका जङ्गली पहराहरूलाई सोहोर्दै तानेर त्यहाँका जडीबुट्टीहरू आफ्ना घाउहरूमा दल्न थाले (सुन्दास इ सं २००१, पृ-४६)। यसरी नै कथाकारले प्राकृतिक विपदासँगै पहाडमा जातीय पहिचानका लागि रगत बहेको र राजनैतिक विपदाको पनि उल्लेख गरेका छन्। कथाका पात्रहरू आफ्ना स्वार्थ पुरा गर्न प्रकृतिलाई हानी पुऱ्याउन पछि सरेका छैनन् तर कथाकार र उनका साथी प्रदीप बाबुजस्ता सचेत व्यक्ति पनि प्रमुख पात्रका रूपमा देखिन्छन्। कथाकारले भूमिकाका आधारमा खोलालाई मानवेतर पात्रका रूपमा मानवीयकरण गरी कथा लेखेका छन्।

दुई वर्षअघि इ सं २०२३ मा बोट-बिरुवाहरूले पनि धुवाँजस्तो पदार्थ निकालेर एकअर्कासँग सम्पर्क वा बातचित गरिरहेको भिडियो जापानका साइतामा विश्वविद्यालयका वैज्ञानिकहरूले प्रकाशमा ल्याएका छन्। नेपाली साहित्यमा पनि रुखपातले आफ्ना भावना र विचार व्यक्त गरेका कथाहरू पाइन्छन्। यस्तै विषयवस्तुलाई आधार बनाई शरद छेत्रीले आफ्ना **आदि अनादि** कथासङ्ग्रहमा सङ्कलित 'संश्लेषण' कथामा रुखपात पनि मानिसजस्तै बिरामी हुन्छ भन्ने उक्तिलाई कलात्मक ढङ्गमा प्रस्तुत गरेका छन्। कथाको मुख्य पात्र सेनाबाट अवकाशप्राप्त जीवन बिताइरहेको सोमनाथ दार्जिलिङवासी हुन्। उनी प्रातकालमा सधैँ चौरस्तामा गएर बुढो रुखका छेउमा बस्ने गर्छन्। शरद छेत्रीले कथामा मानव र मानवेतर पात्रमाझका आत्मीय सम्बन्धलाई मूल विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन्। कथाको प्रमुख पात्र सोमनाथले आफूजस्तै वृद्ध अवस्थामा पुगेका रुखप्रति संवेदना यसरी व्यक्त गरेका छन्– ''त्यसै बेला नजिकैबाट कसैले साउती गरे झै उसलाई लाग्दछ, यत्ति पाको भएर पनि किन त्यस्तो बिनसित्तिको कुरो सोचेको? ......हँ, ....... जीवनमा क्रमिकता खोज्ने भ्रममा समय मात्रै बितेर जान्छ। खण्ड-खण्डमा अस्तव्यस्त यस जीवनमा आपसी तालमेल खोज्दै किन पो मुर्ख बन्ने!............

तब सोमनाथले ठान्दछ, त्यही रेलिङ पछिल्तिरको परिचित रुख नै बोलेको हुनु पर्छ। रुख पनि बुढो छ, फेदमा गहिरो घाउ छ, धमिरोले खाएजस्तो र केही उपद्र्याहाहरूले कोट्याएको जस्तो!...'' (छेत्री इ सं १९९९, पृ-८)

शरद छेत्रीका यस कथामा रुखपातहरू अचल भए तापनि मानिसले जस्तै पीडा भोग्छन्, दुख व्यक्त गर्छन् र बाल्यावस्थादेखि वृद्धावस्थासम्मको जीवन बिताउँछन् भन्ने कुरा बुझिन्छ। सामान्यत: कथामा वर्णन गरिएको रुखबारे अवगुणभन्दा धेरै गुणहरू मात्र भेटिन्छन्। चराचुरुङ्गीका लागि रुख एउटा घर हो भने मानिसका लागि श्वास फेर्न, ओत लाग्न र अन्य धेरै कुरामा महत्त्वपूर्ण मानिन्छ। –''छोराले सोमनाथतिर नहेरी सोध्यो।''

सोमनाथ भने आफ्नै धुनमा बोलिरहेथ्यो, –''छोरो! त्यो चौरस्तानेरको ठूलो रुख आज लडेछ,

जहाँ सानो छदाँ तैले चढ्ने कोसिस गर्थिस्, हामी त्यस रुखको फेदमा नै घण्टौं खेल्दथ्यौं ...'' (छेत्री, इ सं १९९९, पृ–११)। रुखले वन्यजन्तुका लागि वासस्थान, हावा र पानीलाई शुद्ध गर्न र माटाका गुणस्तर बढाउन साथै ध्वनि प्रदूषण कम गर्ने जस्ता महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। तथापि कथाकारले बुढो रुखले सुरुदेखि अन्तसम्म पीडा मात्र भोगेको मार्मिक चित्रण गरेका छन्।

**निष्कर्ष** – कथाकार गुप्त प्रधानले कथा विधामा धेरै कलम चलाएका छन्। उनले 'अचेल खोलाहरू यसरी बग्दैछन्' शीर्षक कथामा मुख्य रूपमा प्राकृतिक सङ्कटलाई कथाको विषयवस्तु बनाए तापनि गौण रूपमा सामाजिक, धार्मिक र राजनैतिक पक्षका पनि चर्चा गरेका छन्। त्यसै गरी शरद छेत्रीले संश्लेषणनामक कथामा प्रकृतिलाई नजिकबाट नियाल्ने प्रयास गरेका छन्। दुवैजना कथाकारले स्थानीय परिवेशलाई आफ्ना कथावस्तु बनाएर कलात्मक ढङ्गमा प्रस्तुत गरेका छन्। समयावधिका आधारले उक्त कथामा प्रयुक्त पात्र र परिवेश बीसौं शताब्दीका दार्जिलिङ नेपाली समाजको यथार्थपरक चित्रण हो। गुप्त प्रधानले आफ्नो कथाका माध्यमबाट विश्वमा भइरहेका प्रकृति विनाशले भविष्यमा भयावह स्थिति सिर्जना हुन सक्ने आशङ्का व्यक्त गरेका छन्। अत: कथा लेखन परिपाटीमा कथाकारहरूले पर्यावरणप्रति चेतना जगाउनलाई पनि परिवेश विमर्शका दृष्टिले कथाको रचना गरेको बुझिन्छ। उक्त सिद्धान्तमा लेखिएका अधिकांश कथाहरूमा मानवेतर पात्रहरूको प्रयोग पाइन्छ।

## सन्दर्भ

१ छेत्री, शरद, इ सं १९९९, **आदि–अनादि**, दार्जीलिङ, वैंशालु प्रकाशन।

२ सिंह, अमलधारी, इ सं २०२३, **ऋग्वेदीय शाखा–साहिताओंका समीक्षात्मक अध्ययन**, नई दिल्ली, श्री लाल बहादुर शास्त्री राष्ट्रीय संस्कृत विश्वविद्यालय।

३ सुन्दास, लक्खीदेवी, इ सं २००१, **अकादमी जर्नल**, दार्जिलिङ, श्याम प्रकाशन।

४ कार्सन, रेचल, इ सं १९६२, **साइलेन्ट स्प्रिङ**, लन्डन, फसेट पब्लिकेसन।

५ क्लार्क, तिमोथी, इ सं २०१९, **द भेल्यु अव् इकोक्रिटिसिज्म**, लन्डन, क्यामब्रिज युनिवर्सिटी।

६ ग्लटफेल्टी र हेरोल्ड फ्राम, इ सं १९९६, **द इकोक्रिटिसिज्म रिडर लेन्डमार्क न लिटरेरी इकोलोजी**, लन्डन, ब्रिटिस लाइब्रेरी इन क्याटालगिङ।

७ स्क्होल्स, रबर्ट, इ सं १९६८, **एलिमेन्ट अफ फिक्सन**, न्यु योर्क, अक्सफर्ड युनिभर्सिटी प्रेस।

८ http.//www.sciencealert.com/Scientists-Film-Plant-'Talking'-to-Its-Neighbor,-and-The-Footage-Is Incredible : Science-lert https://www.sciencealert.com/scientists-film-plant-talking-to-its-neighbor-and-the-footage-is-incredible

•